# निर्वाचन आयोग, नेपाल

# निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

## प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२

## मकवानपुर

पत्र संख्या:- ०८२/८३
चलानी नम्बरः-

मितिः- २०८२/११/१८
ने.सं.:- ११४६ चिल्लाथ्व १४, सोमबार

**मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विशेष आचरण सम्बन्धमा निर्वाचन आचारसंहिता अनुगमन अधिकृतहरूद्वारा जारी गरिएको सूचना ।**

मिति २०८२ फाल्गुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्ने, गराउने कार्य उम्मेदवार, राजनैतिक दल, दलका भातृ संगठन, पत्रकार र आम सर्वसाधारण नागरिकहरू सबैको कर्तव्य एवम् दायित्व हो । यसै सन्दर्भमा निर्वाचन आचारसंहिता, २०८२ निर्वाचन आयोगबाट जारी भई लागू भइरहेकोले निर्वाचन नियमन गर्न, गराउन तपसिल बमोजिम राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिहरू सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**तपसिल:-**

- निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला, गोष्ठी आदि नगर्ने, नगराउने,
- मतदान हुने दिनको अठचालिस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउने,
- कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत नमाग्ने र निर्वाचन प्रचारप्रसार नगर्ने, नगराउने,
- आर्टिफिसियल इन्टिलिजेन्स (ए.आइ.) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर नगर्ने, नगराउने वा प्रतिक्रिया नदिने, नदिलाउने,
- विभिन्न क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण नगर्ने, नगराउने साथै अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुध खर्च नदिने, नदिलाउने वा दिने घोषणा नगर्ने ।

(दिनेश रेग्मी)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत

२०८२।११।१८
(मोहनराज जोशी)
निर्वाचन आचारसंहिता अनुगमन अधिकृत